# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३७) काठमाडौं, वैशाख २८ गते २०४४ साल (संख्या ४

## भाग ३

### श्री ५ को सरकार

### अर्थ मन्त्रालयको

### सूचना १

श्री ५ को सरकारले भन्सार ऐन, २०१९ को दफा ९ को उपदफा (१) र बिक्रीकर ऐन, २०२३ को दफा २१ ले दिएको अधिकार प्रयोग गरी वीर अस्पतालको हेपाटाइटिस भाइरस इपिडेमिओलजिकल अध्ययन र लिभर डिजिज उन्मुलन गर्ने कार्यमा सघाउ पुर्याउन उक्त अस्पताललाई इन्ष्टिच्यूट अफ इम्यूनोलोजी कं. लि. टोकियो, जापानले उपहारस्वरूप प्रदान गर्ने जापानी येन ७५,४०० मूल्य बराबरको होण्डा केरोसिन जेनेरेटर ई.जी.के. १६००।– आर थान १ (एक) को पैठारीमा लाग्ने भन्सार महसुल तथा बिक्रीकर पूर्णरूपमा छुट दिने निर्णय गरेकोले यो सूचना प्रकाशित गरिएको छ ।

### सूचना २

श्री ५ को सरकारले अन्तःशुल्क ऐन, २०१५ को दफा १८ को उपदफा (१) र बिक्रीकर ऐन, २०२३ को दफा २१ ले दिएको अधिकार प्रयोग गरी सामाजिक सेवा राष्ट्रिय समन्वय समिति अन्तर्गतका सामाजिक सेवा मन्दिरहरू निर्माणको लागि हिमाल सिमेन्ट कम्पनी चोभारबाट खरिद गर्ने करिब १५०० टन (३०,००० बोरा) सिमेन्ट र हिमाल आयरन एण्ड स्टिल प्रा. लि. परवानीपुरबाट ३०० टन विभिन्न साइजको स्टिल रड खरिद गर्दा लाग्ने अन्तःशुल्क र बिक्रीकर पूर्णरूपले छुट दिने निर्णय गरेकोले सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना ३

श्री ५ को सरकारले भन्सार ऐन, २०१९ को दफा ९ को उपदफा (१), बिक्रीकर ऐन, २०२३ को दफा २१ र अन्तःशुल्क ऐन, २०१५ को दफा १८ ले दिएको अधिकार प्रयोग गरी सार्क सम्मेलनको निम्ति भी. भी. आई. पी. कम्प्लेक्स भवन निर्माणको लागि सोल्टी होटेल लिमिटेडले विदेशबाट आयात गर्ने आवश्यक सामानहरू र स्वदेशी उत्पादनका वस्तुहरूमा लाग्ने भन्सार महसुल १ प्रतिशत लिने बिक्रीकर र अन्तःशुल्क पूर्ण रूपमा छुट दिने निर्णय गरेकोले यो सूचना प्रकाशित गरिएको छ ।

## सूचना ४

श्री ५ सरकारले भन्सार ऐन, २०१९ को दफा ९ को उपदफा (१) र बिक्रीकर ऐन, २०२३ को दफा २१ ले दिएको अधिकार प्रयोग गरी नेपाल प्रशासनिक प्रतिष्ठानको दोस्रो चरणको निर्माण एवं विकास कार्यको लागि यूरोपियन आर्थिक समुदायबाट उक्त प्रतिष्ठानलाई सहयोगस्वरूप प्राप्त हुने निम्न विवरणको सामान तथा गाडीको पैठारीमा लाग्ने भन्सार महसुल तथा बिक्रीकर पूर्णरूपमा छुट दिने निर्णय गरेकोले यो सूचना प्रकाशित गरिएको छ ।

सामान तथा गाडीको विवरणः–

(a) As part of the building Construction

Sanitaryware
Electric generator & other electrical equipment & materials
Water pumps
Telephone equipment
Kitchen equipment

(b) Teaching equipment

| | |
|---|---|
| Electric typewriters | 200 |
| Overhead projectors | 10 |
| Slide projectors | 8 |
| Film projectors | 2 |
| Projection screens | 20 |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | |
|---|---|
| Flip chart stands | 60 |
| Portable Cassettee Recorders | 7 |
| Photocopiers | 4 |
| (c) Vehicles | |
| Project Directors Vehicle | 1 |
| Buses | 2 |

## सूचना ५

श्री ५ को सरकारले अन्तःशुल्क ऐन, २०१५ को दफा ३क. को उपदफा (३) ले दिएको अधिकार प्रयोग गरी अन्तःशुल्क विभाग अन्तर्गत पर्ने अन्तःशुल्क कार्यालय, जनकपुर, धनुषाको अन्तःशुल्क अधिकृतले अन्तःशुल्क कार्यालय महोत्तरीको अन्तःशुल्क अधिकृतको कामसमेत गर्ने गरी तोकेकोले सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## सूचना ६

श्री ५ को सरकारले अन्तःशुल्क ऐन, २०१५ को दफा ३ क. को उपदफा (३) ले दिएको अधिकार प्रयोग गरी अन्तःशुल्क विभाग अन्तर्गत पर्ने देहायका अन्तः शुल्क कार्यालयहरूको अन्तःशुल्क अधिकृतहरूको कार्यक्षेत्र देहायबमोजिम तोकिएकोले सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| सि.नं. | कार्यालय रहेको स्थान र नाम | कार्यालयले हेर्ने जिल्लाहरूको नाम |
|---|---|---|
| १. | अन्तःशुल्क कार्यालय, भद्रपुर | १. इलाम २. ताप्लेजुङ्ग ३. पाँचथर ४. झापा । |
| २. | अन्तःशुल्क कार्यालय, विराटनगर | १. मोरङ । |
| ३. | अन्तःशुल्क कार्यालय, धरान | १. संखुवासभा २. भोजपुर ३. तेह्रथुम ४. धनकुटा ५. सुनसरी । |
| ४. | अन्तःशुल्क कार्यालय, राजविराज | १. सोलुखुम्बु २. खोटाङ ३. ओखलढुङ्गा ४. उदयपुर ५. सप्तरी । |
| ५. | अन्तःशुल्क कार्यालय, सिराहा | १. सिराहा । |
| ६. | अन्तःशुल्क कार्यालय, जलेश्वर | १. महोत्तरी । |
| ७. | अन्तःशुल्क कार्यालय, जनकपुर | १. धनुषा ३. सिन्धुली ३. रामेछाप । ४. दोलखा । |
| ८. | अन्तःशुल्क कार्यालय, सर्लाही | १. सर्लाही । |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

९. अन्तःशुल्क कार्यालय, काठमाडौं १. सिन्धुपाल्चोक २. काभ्रेपलान्चोक
३. भक्तपुर ४. काठमाडौं ५. नुवाकोट
६. धादिङ ७. रसुवा ।
१०. अन्तःशुल्क कार्यालय, ललितपुर १. ललितपुर ।
११. अन्तःशुल्क कार्यालय, गौर १. रौतहट ।
१२. अन्तःशुल्क कार्यालय, कलैया १. बारा ।
१३. अन्तःशुल्क कार्यालय, वीरगञ्ज १. पर्सा ।
१४. अन्तःशुल्क कार्यालय, हेटौंडा १. मकवानपुर ।
१५. अन्तःशुल्क कार्यालय, भरतपुर १. चितवन ।
१६. अन्तःशुल्क कार्यालय, पोखरा १. कास्की २. लमजुङ ३. गोरखा ४. मनाङ
५. तनहुँ ६. स्याङजा ७. पर्वत ८. म्याग्दी
९. मुस्ताङ १०. बाग्लुङ
१७. अन्तःशुल्क कार्यालय, कृष्णनगर १. कपिलवस्तु २. गुल्मी ३. अर्घाखाँची ।
१८. अन्तःशुल्क कार्यालय, भैरहवा १. रूपन्देही २. पाल्पा ।
१९. अन्तःशुल्क कार्यालय, नवलपरासी १. नवलपरासी ।
२०. अन्तःशुल्क कार्यालय, दाङ १. रोल्पा २. सल्यान ३. प्यूठान ४. रूकुम
५. दाङ ।
२१. अन्तःशुल्क कार्यालय, नेपालगञ्ज १. दैलेख २. सुर्खेत ३. जाजरकोट
४. कालीकोट ५. जुम्ला ६. हुम्ला ७. मुगु
८. डोल्पा ९. बाँके ।
२२. अन्तःशुल्क कार्यालय, राजापुर १. बर्दिया ।
२३. अन्तःशुल्क कार्यालय, कैलाली १. डोटी २. अछाम ३. बझाङ ४. बाजुरा
५. कैलाली ।
२४. अन्तःशुल्क कार्यालय, महेन्द्रनगर १. बैतडी २. दार्चुला ३. डँडेलधुरा
४. कञ्चनपुर ।

आज्ञाले,
शशिनारायण शाह
श्री ५ को सरकारको का.मु. सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।